**मिति : २०८२।०२।०९**

**समय : बिहान ११:०० बजे**

**स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार**

आज मिति २०८२।०२।०९ गते शुक्रबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री चन्द्रकान्त चौधरी | प्रमुख प्रशासकीय अधिकृत |

<u>अन्य उपस्थिति</u>

| | |
|---|---|
| बेलकुमार आले | प्रशासन शाखा |

**प्रस्तावहरु**

१. दुरसञ्चार सेवा सम्बन्धमा ।

२. योजना संशोधन तथा कार्यान्वयन सम्बन्धमा ।

३. एकद्वार संकट व्यवस्थापन केन्द्रको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १ दुरसञ्चार सेवा सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिका वडा नं. ६ को साविक वाशेश्वर बलेनी वडा नं. २ सिट नं २/छ को देउरालिटार थुम्किडाँडामा रहेको सार्वजनिक जग्गा मध्ये ७५ नं. कित्ताको दक्षिण तर्फ र कित्ता नं. २४ र ६० को उत्तर तर्फको कित्ता नं. २९ को सार्वजनिक जग्गाबाट १ रोपनी जग्गा आवश्यक दुरसञ्चार संरचना निर्माण गरी सेवा प्रदान गर्न प्रयोग गर्न दिने र Ncell Axiata ले गोलन्जोर गाउँपालिका वडा नं. ६ स्थित श्रीराज थापा क्षेत्रीको नाममा दर्ता कायम रहेको साविक वाशेश्वर बलेनी वडा नं. २ सिट नं २/छ कि नं १५ को जग्गामा टावर निर्माण गर्नका लागि अनुमती माग गरेकोले नियमानुसार टावर निर्माणको लागि स्वीकृत दिने निर्णय गरियो ।

**निर्णय नं.२ योजना नाम संशोधन तथा रकमान्तर सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत गोलन्जोर गाउँपालिका वडा नं. ३ का विपद प्रभावित तपसिलका योजनाहरु र समुह सहकारी/फर्म मार्फत पशुपालन तरकारी खेति ५० प्रतिशत साझेदारी कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु ९०००००। मध्येबाट कृषि नर्सरी निर्माणका लागि रु १०००००। रकमान्तर गरी बाँकी रकम साविक अनुसारकै योजनामा खर्च गर्ने गरी तपशिल अनुसारका योजनाहरु संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| साविक योजनाको नाम | विनियोजित बजेट | संशोधित योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|---|
| विपद व्यवस्थापन | रु.५०००००। | दिङदिङ वेशि मलामी विश्रामस्थल मर्मत | रु ५००००। |
| | | ढाडे मलामि विश्राम स्थल निर्माण थप | रु ५००००। |
| | | सान्ने किराते बाटो मर्मत | रु १०००००। |
| | | प्रा वि भर्दौरे कम्पाउण्ड वाल मर्मत | रु ५००००। |
| | | वडा कार्यालय छतमा हल निर्माण | रु २०००००। |
| | | पात्ले समुह भवन मर्मत एवं इन्टेक निर्माण | रु ५००००। |
| समुह सहकारी/फर्म मार्फत पशुपालन तरकारी खेति ५० प्रतिशत साझेदारी कार्यक्रम | ९०००००। | कृषि नर्सरी निर्माण | रु १०००००। |

**निर्णय नं.३ एकद्वार संकट व्यवस्थापन केन्द्रको रकम भुक्तानी सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाले आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत गोलन्जोर गाउँपालिकाले सिन्धुली जिल्लामा रहेको एक द्वार संकट व्यवस्थापनको लागि यस गाउँपालिकाले व्यहोर्नुपर्ने दायित्वको रकम अन्य सामाजिक सहायता/संघ संस्था अनुदानको लागि विनियोजित रु ३०००००। बजेट मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो ।